**एड्स तथा यौन रोगबाट बच्न र बचाउन**
- सुरक्षित यौन सम्पर्क गरौं ।
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं ।
- जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
- एच.आइ.भी. नियमित परीक्षण गरौं ।

**यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com




❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर २५ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 11 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १०३

## करोडौंको जमीन चार दशकपछि सार्वजनिक कायम गर्न निर्देशन

प्रस, निजगढ, २४ मङ्सिर/

सार्वजनिक जमीन हात पार्ने अनि धनाढ्य बन्ने सपना बोकेर सार्वजनिक जमीन हत्याउन खोज्ने भूमाफिया गिरोहहरूका अनेकौं प्रयास अन्ततः विफल हुने पक्का भएको छ ।



निजगढ नगरपालिका–९ बकैया खोला किनारस्थित व्यक्तिले कब्जा गरेको सार्वजनिक जमीन । तस्वीरः जीतलाल श्रेष्ठ

सदीयौंदेखिको सन्धिसर्पन, पानीघाट, गौचरन, मसानघाट जाने मूल बाटो रसर्वत्र सार्वजनिक चासोका जमीन, त्यस बेलाका मालपोत कार्यालय, नापी कार्यालयलगायत सम्बन्धित कार्यालयको मिलेमतोमा व्यक्तिले पुर्जा बनाउँदै हडप्न अनेकौं प्रपञ्च गरे पनि निजगढका नागरिकले त्यस्ता कार्यविरुद्ध निरन्तर सामना गर्दै आएकाले भूमाफिया गिरोहले भोगचलनमा ल्याउन नसक्ने भएका छन्।

उक्त सार्वजनिक जमीन सार्वजनिक नै कायम गराउन सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोग २०७६ र दोस्रो चरणमा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन कार्यान्वयन गर्ने विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्)बाट २०७९/०४/१९ मा भएको निर्णय बमोजिम गर्न गराउन भनी भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयले मिति २०७९ भदौ ६ गते मालपोत कार्यालय, सिमरालाई निर्देशनात्मक पत्राचार गरेको हो । सो आयोगका अध्यक्ष मोहनरमण भट्टराई तथा सदस्यहरू जानकीवल्लभ अधिकारी, दुर्गाकुमारी दाहाल, महेन्द्रकुमार थापा, पुण्यप्रसाद भुसालले विस्तृत अध्ययन गरेका थिए ।

सचेत स्थानीयको निरन्तर विरोधपछि डेढ दशकयतापछि भने सार्वजनिक जमीन भूमाफियाको गिरोहले बिक्री गर्दै पछिल्लो समय देशका ठूला निर्माण कम्पनी अनि गुन्डा नाइकेहरूका नाम जोड्दै स्थानीयलाई तर्साउने र सार्वजनिक जमीन हत्याउन अनेकौं प्रयास गरेका थिए ।

बारा, निजगढस्थित साबिक आदर्श गाउँ विकास समिति वडा नं ८ हालको निजगढ नगरपालिका–९ स्थित ८ (क) कित्ता नं १३०, बकैयापुलको दक्षिणी–पश्चिमी ड्याम र पूर्व–पश्चिम महेन्द्र राजमार्गको दक्षिणतर्फ जोडिएको दुई बिघा सात कट्ठा १७ धुर सार्वजनिक जमीनलाई व्यक्तिको नाउँमा जग्गाधनी पुर्जा बनाइ हडप्न खोजिएको थियो ।

यो जग्गा साबिक निजगढ गाउँपालिका वडा नं ८ (क) कित्ता नं १३० र सोबाट विभिन्न समयमा कित्ताकाट भई गएको कित्ता नं १७३, १७४, १७५ र १७६ को जग्गा दुई बिघा सात कट्ठा १७ धुर निजगढ गाविस

(बाँकी अन्तिम पातामा)

## करार कर्मचारीका कारण विद्यालयमा भद्रगोल

प्रस, वीरगंज, २४ मङ्सिर/

मधेस प्रदेशको बहुप्राविधिक शिक्षालय, प्रसौनी, बारामा कार्यरत कर्मचारीहरूबीचको मतान्तरका कारण अहिले शिक्षाको अवस्था भद्रगोल बनेको अभिभावकहरूले आरोप लगाएका छन्।




तस्वीरः प्रतीक

केही नेताहरूको संरक्षणमा वरिष्ठ कर्मचारीलाई पाखा लगाइ करारमा काम गर्ने कर्मचारीहरूको सो विद्यालयमा हालीमुहाली बढ्दै गएपछि कर्मचारीहरूबीच मनमुटाव शुरू भएको छ।

आपसी मनमुटावका कारण अध्ययन, अध्यापनमा समेत असर परिरहेको स्रोतले जनाएको छ।

सम्बन्धित विषयका कर्मचारीहरू भएपनि पाखा लगाइ स्वास्थ्य क्षेत्रमा काम गर्ने टेकराज पौडेललाई शिक्षालय प्रमुख बनाइएको छ । त्यहाँ स्वास्थ्य सेवाको अध्ययन सो विद्यालयमा हुँदैन।

करारका कर्मचारीलाई सरुवा गर्न नमिले पनि राजनीतिक संरक्षणमा करारका कर्मचारी मुकेश साहलाई सो विद्यालयमा सरुवा गरी प्रशासन प्रमुख बनाएपछि विद्यालयमा विवाद बढेको हो। पटक–पटक विवादमा तानिएका तथा विभागीय कारबाहीसमेत भोगेका साह अहिलेसम्म राजनीति संरक्षणका कारण सुरक्षित भएको स्रोतले बताएको छ।

हालै सञ्चालनमा आएको प्राविधिक विद्यालयलाई अहिले नै कर्मचारीहरूले कमाइखाने भाँडो बनाउन थालेपछि भविष्यमा यसको हबिगत के हुन्छ, सजिलै पत्ता लगाउन सकिन्छ।

स्रोतका अनुसार सो शिक्षालयको भवन बनाउनका लागी स्थानीय सरकारले पाँच बिघा जग्गा कलेजको नाममा निश्शुल्क गरेपछि भवन बनाउनका लागि सङ्घ सरकारले तीन करोड रकमसमेत विनियोजित गरेको छ।

स्रोतका अनुसार सिटिइभिटी अन्तर्गत सञ्चालनमा रहेको सो विद्यालयमा करारका कर्मचारी साहको पहलमा नै पौडेललाई प्रमुख बनाएको र मिलेमतोमा रकम हिनामिना गरेपछि अन्य कर्मचारीहरू रुष्ट भएका छन्। सिटिइभिटीका सदस्य–सचिव जीवनारायण काफ्लेले करारका कर्मचारीको रूपमा रहेका साहको निर्देशनमा नै कर्मचारी खटनपटन हुने गरेको बताए। साहले योग्यता नपुगेका आफ्नै पत्नीलाई लाइब्रेरी इन्चार्जसमेत बनाएका छन् । बाराको प्रसौनी मात्र होइन, मधेसमा नै सदस्य–सचिव काफ्लेले रोजेको ठाउँमा साहलाई पठाउने गरेको स्रोतले बताएको छ।

रौतहटमा रहेको नर्सिङ कलेजमा साह प्रशासन प्रमुख भएका बेला आफ्नै पत्नीलाई पियनमा जागीर लगाइ नक्कली हस्ताक्षर गरी रकम झिक्दै आएका कारण विवादमा साह मुछिएका थिए। हालैमा सरुवा भई आएका साहले बाराको प्रसौनीमा सरुवा भई आएपछि पुनः विवादमा तानिएका छन्। विद्यालयका एक कर्मचारीका अनुसार अभिभावकलाई विद्यालयमा बोलाइ केही खर्च गरेमा विद्यार्थीहरूलाई पास गराउन चिटको व्यवस्था मिलाइदिने भन्ने गरेको बताउँछन्। कर्मचारीहरूलाई थाहै नदिई कार्यालय छोडी हिंड्ने, कामभन्दा बढी नेताहरूको पछिपछि हिंड्ने उनको बानी रहेको स्रोतको भनाइ छ।

## होम स्टेमा पर्यटकहरू बढ्दै

प्रस, सेढवा, २४ मङ्सिर/

पर्साको ठोरी गाउँपालिका वडा नं ५ सुवर्णपुरमा सञ्चालित सुनाखरी होम स्टेमा आउने स्वदेशी तथा विदेशी पर्यटकहरूको सङ्ख्यामा वृद्धि भएको छ। कोभिडका कारण भएको लकडाउनमा पर्यटकहरू पातलिंदै गएका थिए । तर केही महीनादेखि यस होम स्टेमा आउने पाहुनाहरूको सङ्ख्यामा वृद्धि भएको छ।



तस्वीरः प्रतीक

सुनाखरी होम स्टे व्यवस्थापन समितिका अध्यक्ष शम्भुराम पौडेलले विगतमा आन्तरिक पर्यटकहरू मात्र आउने गरेको बताए । तर अहिले अमेरिका, अस्ट्रेलिया, क्यानडा, पश्चिमी मुलुकका पाहुनाहरूसमेत आउन थालेको अध्यक्ष पौडेलले बताए। अहिले महीनामा १०० देखि १२० जना आन्तरिक पर्यटक आउने गरेका छन् भने ३० देखि ३५ जना बाह्य पर्यटक आउने गरेका छन्। यहाँ ६० जना पर्यटकको बास बस्ने १५ वटा होम स्टेको व्यवस्था रहेको अध्यक्ष पौडेलले बताए ।

अमेरिकाको क्यालिफोर्निया राज्यका सान्टा मोनिका निवासी स्टेफनी थोर्नटनसँग होम स्टेमा भेट हुँदा उनले होम स्टेको तीन दिनको बसाइमा निकै रमाइलो भएको बताइन्। यहाँको शान्त वातावरण, हराभरा प्राकृतिक जङ्गल, स्थानीय खानाको परिकार तथा राम्रा स्थानीय बासिन्दाको बीचमा बस्न पाउँदा निकै खुशी भएको स्टेफनीले बताइन्। बसाइका क्रममा पर्सा राष्ट्रिय निकुञ्जका जङ्गल, निकुञ्जमा रहेका दुधेश्वर महादेव मन्दिर तथा खेतीबारी र विभिन्न भ्यू प्वाइन्टको अवलोकन गरेको स्टेफनीले बताइन्। स्टेफनी नेपाली पुरुषसँग विवाह गरी विगत तीन महीनादेखि काठमाडौं बस्दै आएकी छन्। उनी फेरि आफ्ना साथीहरूसँग यस क्षेत्रको भ्रमण गर्न आउने बताइन्।

त्यस्तै, पर्साका एनजिओकर्मी दामोदर यादवले होम स्टेको बासमा कोलाहलमुक्त वातावरणमा रमाउन पाउँदा निकै खुशी लागेको बताए। उनले आफ्नै घर जस्तो आफैंले पकाउन तथा खान पाउँदा एकदमै रमाइलो हुने गरेको बताए। होम स्टेको सञ्चालनले स्वदेशी तथा विदेशी पर्यटकहरूको आवागमन भइरहने हुँदा समुदायको विकासमा निकै टेवा पुग्ने यादवको भनाइ छ । यसको संरक्षण तथा प्रवर्धन गर्न हामी सबैको नैतिक दायित्व भएको यादवले बताए ।

सुनाखरी होम स्टे व्यवस्थापन समितिका सचिव बलराम कोर्मोचाका अनुसार होम स्टेमा पाहुनाहरूका लागि खाना तथा नास्ताका लागि आवश्यक खाद्यान्न स्वस्थकर हुने गरेको बताए । होम स्टेमा बस्न आउने पाहुनाहरूका लागि खाद्यान्नलाई विशेषरूपमा बनाइएको र सोही अनुसार कार्यान्वयन भएको सचिव कोर्मोचाले बताए । होम स्टेमा रु पाँच सय प्रतिकोठा भाडा रहेको र खाना पनि निकै सस्तो रहेको छ ।

## अव्यवस्थित तार हटाउन महानगरको अभियानमा जुटे सेवाप्रदायक

प्रस, वीरगंज, २३ मङ्सिर/

वीरगंज महानगरपालिकाले नगरभित्र रहेका अव्यवस्थित तार व्यवस्थापन गर्न शुरू गरेको छ।

महानगरमा सेवा प्रवाह गर्दै आएका इन्टरनेट तथा केवल टिभीका प्रतिनिधिसहितको टोलीले शुक्रवारबाट अव्यवस्थित तार हटाउन थालेको हो।

जथाभावी टाङ्गिएका तारका कारण नगरको सौन्दर्यता बिग्रिनुका साथै दुर्घटनाको सम्भावनासमेत देखिएकाले व्यवस्थित गर्न महानगरले पटक–पटक प्रयास गरेको थियो।



तस्वीरः प्रतीक

मङ्गलवार मात्रै सेवाप्रदायकसँग छलफल गरेको महानगरले शुक्रवारबाट भने सेवाप्रदायकलाई सँगै लिएर तार काट्न थालेको हो।

महानगरका प्रमुख राजेशमान सिंहले नगर क्षेत्रका अव्यवस्थित तार हटाउन सेवाप्रदायकलाई आग्रह गरेपछि शुक्रवारबाट हटाउन शुरू गरिएको हो।

शुक्रवार पहिलो दिन अव्यवस्थित तार हटाउन इन्टरनेट सेवाप्रदायक संस्थाहरू वर्ल्ड लिङ्क र भायोनेटका प्रतिनिधि सहभागी रहेको महानगर आइटी शाखाका बृजेश प्रधानले जानकारी दिए।

"विद्युत् तथा टेलिकमका पोलहरूमा गुजुल्टिएर राखिएका तार काट्ने अभियानमा सबै सेवाप्रदायकलाई हामीले बोलाएका थियौं," प्रधानले भने, "आज पहिलो दिन दुईवटा सेवाप्रदायकका प्रतिनिधि मात्रै सहभागी भए।"

अभियानका बारेमा सबैलाई जानकारी गराएको भन्दै उनले कोही सहभागी नभए पनि तार व्यवस्थित गराउने महानगरको अभियान अब नरोकिने बताए।

## छोटकरी

### जँड्याहाहरू नियन्त्रणमा

प्रस, सिम्रौनगढ, २४ मङ्सिर/

बाराको सिम्रौनगढनजीक सीमावर्ती भारतको घोडासहनस्थित उत्पाद विभागले २३ जना जँड्याहालाई नियन्त्रणमा लिएको छ।

उनीहरू नेपालतर्फको सिम्रौनगढ, कमलपुर सतुवाही, खजानी, बसवरियालगायतका सीमा क्षेत्रमा खुलेका मदिरा–मासु पसलबाट मदिरासेवन गरी आफ्नो गन्तव्यतर्फ गइरहेका बेला उत्पाग विभागका कर्मचारीले मापसे जाँच गरी नियन्त्रणमा लिएको घोडासहन उत्पाद विभागले बताएको छ।

नियन्त्रणमा पर्नेहरूको नाम सार्वजनिक गरिएको छैन। भारतको बिहार प्रान्तमा मदिरासेवनमा प्रतिबन्ध लगाए तापनि नेपालतर्फ सीमा क्षेत्रमा अनेकौं मदिरा मासु होटेलहरू खुलेका छन् । जहाँ दिनहुँ भारतीयहरू आई मदिरासेवन गर्छन् ।

## विचारसार र सूक्तिहरू

**धन होइन मन मिलेपछि मात्र आनन्द पाउँछौं ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# ब्रह्मवेत्ता माता मदालसा

मदालसा परमज्ञानी एवं ब्रह्मवेत्ता थिइन् । उनको कथा अद्‌भुत छ । पुराण कथा अनुसार काशीमा शत्रुजित नामक एकजना महापराक्रमी राजा शासन गर्दथे । उनका पुत्रको नाम ऋतुध्वज थियो । ब्रह्वादिनी मदालसा यिनै आफ्नो विवाह राजकुमार ऋतुध्वजसँग गर्ने निश्चय गरेकी छन् ।

राजकुमारले राजकुमारीलाई आफ्नो परिचय दिए । नारदजीको सहायताले त्यहाँ मदालसा र ऋतुध्वजको गन्धर्व विवाह भयो । त्यसपछि उनले

**मदालसाले यस ब्रह्मज्ञानबाट उनका तीन पुत्र ब्रह्मवेत्ता बने भने चौथो छोराले पनि राज्यको पदभार ग्रहण गरेपछि नियत समयमा ब्रह्मज्ञानी बने । आज यस्ता ब्रह्मवादिनी माताको आवश्यकता छ, जो आफ्ना सन्तानलाई श्रेष्ठ शिक्षा एवं विद्या प्रदान गर्न सकोस् ।**

ऋतुध्वजकी भार्या थिइन् । उनी विश्ववसु गन्धर्वराजकी पुत्री थिइन् । उनको ब्रह्मज्ञान जगत् विख्यात छ । पुत्रलाई पालनामा झुलाउँदा झुलाउँदै उनले ब्रह्मज्ञानको उपदेश दिएकी थिइन् । त्यति बेला गालव नामक तेजस्वी ऋषि महाराज शत्रुजितको राज्यमा तपस्या गर्दथे ।

उनको तपस्यामा पातालकेतु नामक एकजना राक्षसले ठूलो विघ्न गर्दथ्यो । ऋषि यज्ञ, योग अथवा नित्य-कर्म गर्दा पातालकेतु आएर उनलाई विभिन्न रूपमा दुःख दिन्थे । यसबाट ऋषि निकै दुःखी थिए । एक दिन कुनै देवपुरुषले ऋषिलाई एउटा घोडा दिँदै भने- भगवन् ! तपाई यस घोडालाई लिनुस्, यसको नाम कुवलयाश्व हो । यो आकाश, पाताल सबै ठाउँमा जान सक्छ । यसलाई तपाई शत्रुजितका राजकुमार ऋतुध्वजलाई प्रदान गर्नुस् । ऋतुध्वजले यसमा चढेर पातालकेतु तथा अन्य राक्षसको अन्त्य गर्नेछन् । यति भनेर त्यो देवपुरुष गए । ऋषि घोडा लिएर महाराज शत्रुजित नजीक पुगे ।

ऋषिलाई आफ्नो अगाडि उपस्थित देखेर महाराजले उनको भावपूर्वक स्वागत-सत्कार गरे र आउने कारण सोधे । ऋषिले सम्पूर्ण वृतान्त बताए र उनले कुवलयाश्व महाराजलाई प्रदान गरे । पहिले त महाराज राजकुमारको कोमलता र बालापनलाई देखेर विचार गर्न थाले । दैवी आदेश र ऋषिको आज्ञा बुझेर उनले भने- पुत्र ! तिमी ऋषिको आज्ञाले यस अश्वमा चढेर ऋषिको आश्रममा जाऊ र दुष्ट पातालकेतुको विनाश गर ।

पिताको आज्ञालाई शिरोधार्य गर्दै राजकुमार घोडामा चढेर ऋषिको आश्रममा पुगे । त्यस समय पातालकेतु सुङ्गुरको भेषमा आश्रमको नजीक घुमिरहेको थियो । राजकुमारले त्यसको पछि आफ्नो घोडालाई दौडाए । पातालकेतु दौड्दै दौड्दै एउटा गुफामा पस्यो, कुवलयाश्व पनि उसको साथै त्यस गुफामा पसे । राजकुमारले त्यहाँ एउटा ठूलो सुन्दर शहर देखे । सुङ्गुर बनेको पातालकेतु त्यहाँ विलुप्त भए । राजकुमार भ्रमित भए ।

राजकुमार गुफाको भित्र गए । त्यहाँ उनले एउटा परमसुन्दरी राजकुमारी देखे । उनी निराश र उदास भएर बसेकी थिइन् । राजकुमारलाई सहजै उनीमाथि स्नेह भयो । राजकुमारीकी सखीले भनिन्, यिनी गन्धर्वराज विश्वसुकी पुत्री हुन् । राक्षसले उनलाई चोरेर यहाँ ल्याएका छन्, र विवाह गर्न चाहन्छन्, तर उनले पातालकेतुको वध गरे । मदालसालाई लिएर राजकुमार आफ्नो राजधानी पुगे । महाराज तथा प्रजाले कुमार र नववधूलाई हृदयदेखि स्वागत गरे । राजकुमार मदालसाको साथ सुखपूर्वक बस्न थाले । एकपटक महाराजले राजकुमारलाई भने- छोरा तिमीसँग कुवलयाश्व छ । जाऊ राज्यमा घुम, जहाँ राक्षस देखिन्छ, त्यसको विनाश गर । दुष्टलाई दण्ड देऊ, ऋषिहरूलाई सुख पुऱ्याऊ ।

महाराजको आज्ञा शिरोधार्य गर्दै राजकुमार आफ्नो अश्वमा चढेर राज्य घुम्न थाले । पातालकेतुका एक भाइ मायावी तालकेतु थिए । उनले ब्राह्मणको रूप धारण गरेर छलपूर्वक राजकुमारसँग एउटा मणि मागे । त्यो वृद्ध ब्राह्मणको रूपमा महाराज शत्रुजितको राजधानीमा पुगे । उसले त्यहाँ भने कि कुमार एकजना राक्षससँग लड्दालड्दै स्वर्गावास भए । यस समाचारले सबैजना दुःखी भए । मदालसा पनि अग्निमा प्रवेश गरिन् । पछि जब ऋतुध्वज आए र उनले आफ्नो पत्नीको यो दशा सुने, तब उनले घोर तप गर्न थाले । शिवजीको कृपाबाट कुमारले पुनः मदालसा पाए र राजकुमार सुखपूर्वक बस्न थाले ।

कालान्तरमा महाराज शत्रुजित स्वर्गवासी भए । ऋतुध्वजको राज्याभिषेक भयो । उनको तीन छोरा भए, जसको नाम विक्रान्त, सुबाहु र अरिमर्दन थिए । तीनैजनालाई महारानीले बाल्यकालमा नै ब्रह्मज्ञानको उपदेश दिएकी थिइन् र तीनैजना संसार-त्यागी, संन्यासी बने । जब चौथो पुत्र अलर्कलाई पनि महारानीले ब्रह्मज्ञान सिकाउन थालिन्, तब राजाले भने- देवी ! यस राज्यलाई कसले सम्हाल्छ ? यसलाई संसारयोग्य रहन देऊ ।

रानीले उनको कुरा मानिन् । अलर्क राजा भए र उनले गङ्गा-यमुनाको सङ्गममा आफ्नो अलर्कपुरी नामक राजधानी बनाए, जुन आजभोलि अरैलको नामले प्रसिद्ध छ । मदालसाले एउटा उपदेश लिएर दिइन् र भनिन्- कुनै कठिन विपदा आउँछ भने यसलाई खोल्नु । एकपटक राज्यमा कुनै अन्य राजाले चढाइ गरे । यसलाई विपत्ति सम्झिएर अलर्कले माताको पत्र खोले, त्यसमा ब्रह्मज्ञानको उपदेश थियो । महाराज त्यस समय आफ्नो राज्य त्यस राजालाई सुपुर्द गरेर वनमा गएका थिए । यस प्रकार योग्य माता मदालसाले आफ्ना चारवटै छोरालाई ब्रह्मज्ञानी बनाइन् । धन्य छ यस्तो ब्रह्मवादिनी माता र धन्य छ यस्तो भारतभूति जहाँ यस्ता माता पनि जन्मिएका छन् ।

माता मदालसा आफ्ना छोराहरूलाई उपदेश दिन्थिन् । उनी भन्थिन्- हे मेरा छोराहरू तिमीहरू विशुद्ध एवं दिव्य आत्मा हौ । तिमीहरूको कुनै नाम छैन । यस शरीरलाई धारण गर्नको लागि तिमीले एक कल्पित नाम प्रदान गरिएको छ । तिमी शुद्ध-बुद्ध आत्मा हौ, जुन कुनै पनि नाम, रूपभन्दा टाढा छौ । तिमी संसारमा रहन्छौ र आत्मामा रमण गर । संसारमा कर्तव्यको स्थान छ । यहाँ कर्तव्य गर र जाऊ । प्रेम त केवल परमात्मासँग गर, संसारसँग होइन ।

मदालसाले यस ब्रह्मज्ञानबाट उनका तीन पुत्र ब्रह्मवेत्ता बने भने चौथो छोराले पनि राज्यको पदभार ग्रहण गरेपछि नियत समयमा ब्रह्मज्ञानी बने । आज यस्ता ब्रह्मवादिनी माताको आवश्यकता छ, जो आफ्ना सन्तानलाई श्रेष्ठ शिक्षा एवं विद्या प्रदान गर्न सकोस् ।

# चुनावमा पैसाको चलखेल हटाउने हो भने ...

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**निर्वाचनको समानुपातिक प्रणालीलाई खारेज गरी आरक्षणलाई समेत प्रत्यक्ष प्रतिस्पर्धामा आधारित व्यवस्था मिलाउनुपर्दछ । आरक्षित सिटमा आरक्षणप्राप्त उम्मेदवारहरूबीच प्रतिस्पर्धाको चक्रीय व्यवस्था मिलाउने हो भने समानुपातिकको नाममा अहिले देखिएको पैसाको चलखेल र नातावादको विसङ्गति समाधान हुनेछ ।**

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको अन्तिम परिणामको तयारी चल्दैछ । दलहरू समानुपातिक सांसद छान्ने सकसमा रूमलिएका छन् । कसलाई लैजाने र कसलाई फाल्ने रस्साकस्सी ठूला भनिएका दलहरूका लागि ठूलै सकस बनेको अवस्था छ । यसैबीच चुनावी खर्च र यसको पारदर्शिताको विषय विस्तारै मत्थर हुँदै गएको छ । चुनावको मुखमा कुन नेताले कति रकम खर्च गर्ने क्षमता राख्दछ, त्यसकै आधारमा उसको जीत र हार मात्र होइन, टिकट पाउने वा नपाउने विषय पनि भरपर्ने चर्चा निकै सुनिएको हो ।

यो केवल चर्चाको विषय मात्र होइन, चिन्तनको विषय हो । प्रायः ठूला भनिएका दलहरूमा आज यो एउटा ऐजेन्डाको रूपमा रहेको छ । ठूला दलका शीर्ष नेताहरूले नै बारम्बार यो विसङ्गतिबारेमा मुख खोलेका छन् । तर चुनावी माहोलमा पैसाको खोलो बगाउनेमा पनि तिनै अगाडि देखिएको विडम्बना पनि कटु सत्य नै हो । अहिले सतहमा देखिएका एकाधबाहेक अधिकांश नेताले चुनावमा लाखौं होइन, करोडौं रुपैयाँ खर्च गरेका छन् ।

चर्चा यस्तो पनि सुनियो कि स्थानीय चुनावमा वडामा उठेका सदस्यहरूले समेत लाखौं रुपैयाँ खर्च गरे । खर्च गर्ने सबैले जित्ने पनि होइन । जसले जिते ती त विजयी भए, हारेहरू राजनीतिमा लागेर घरखेत सिध्याउनेमा दरिएका छन् । जित्नेहरू चुनाव जितेर सम्पत्ति जोड्नेमा गनिए भने त्यो आश्चर्य हुँदैन । मानौं, चुनावमा जीत र हारको विषय मुद्दा होइन । जसले कति पैसा बगाउन सक्छ, उसको जीतको सम्भावना त्यति नै बलियो हुन्छ ।

चुनावी खर्चको चिन्ता किन ? कुनै समय थियो, दलहरू नीति, विचार र मुद्दा बोकेर चुनावमा होमिन्थे । त्यहाँ पैसाको मोलमोलाइ र लेनदेनको कुरा हुन्थेन । जनतालाई मुद्दा बुझाउने प्रयास गरिन्थ्यो । अहिले घरघरमा लगेर पैसा बुझाउने गरिन्छ । पैसा, मासु, रक्सीमा मतको खरीद-बिक्री हुन्छ । राजनीतिबाट नीति र मुद्दा हराएको छ । तलदेखि माथिसम्म विकृति मौलाएको छ । यसले समग्र राजनीतिक, सामाजिक र आर्थिक आयामहरूलाई विषाक्त बनाइदिएको छ । दलहरू देश, जनता र व्यवस्थाको आवरणमा आफ्नो स्वार्थको गठजोड गरिरहेका छन् । रङ्गीबिरङ्गी गठबन्धनका आधार मुद्दा होइन, सत्ता र शक्तिलाई स्वार्थको केन्द्रमा राखेर निर्माण भएका छन् भन्नु अब नयाँ विषय होइन । दलहरूले विचार र मुद्दाका आधार स्वतन्त्रतापूर्वक जनप्रतिनिधि छान्न पाउने मतदाताको अधिकारलाई गठबन्धनको नाममा कुण्ठित गरिदिएका छन् । दलका शीर्षहरूको स्वार्थी लहडमुखी निर्देशकै भरमा चुनावैपिच्छे फरकफरक राजनीतिको पछाडि दौडिनुपर्ने बाध्यताले सचेत मतदातालाई आक्रोशित बनाएको छ ।

यो असन्तोष र आक्रोश यसपटकको चुनावमा पोखिएको पनि हो । गठबन्धनलाई नरुचाएका मतदाताले मत हाल्नै गएनन् । र मत अपेक्षा गरिएभन्दा निकै कम सङ्ख्यामा खस्यो । तर यो लोकतन्त्रका लागि राम्रो सङ्केत होइन । जनताले मताधिकार प्रयोग नगर्दा अहिलेको चुनावी व्यवस्थामा खराब मानिस नेतृत्वमा पुग्ने सम्भावना टर्ने होइन । किनभने हाम्रो निर्वाचन कानूनले 'नो भोट' र 'रिकल'को व्यवस्था गरेको छैन ।

न्यायालयले 'राइट टु रिजेक्ट'को व्यवस्था मिलाउन आदेश गर्दा पनि राजनीति यो मामिलामा उदासीन किन देखिएको छ ? स्पष्ट छ, शीर्ष भनिएका नेताहरूलाई नै यो व्यवस्था लागू भएमा आफू नै जनताबाट अस्वीकृत भइने डरले खाएको छ । राजनीतिको मुहान नै दुषित भएपछि तिनका कार्यकर्ता र आम मतदातामा त्यसको विकृति देखिनु अस्वाभाविक होइन ।

यतिसम्म कि चुनावको समयमा मतदाता त परको कुरा दलका आफ्नै कार्यकर्ता पनि पैसाविना नचल्ने दृश्यसमेत देखा परेकै हो । उम्मेदवारहरू मत किन्नुभन्दा पहिला आफ्नै कार्यकर्ता जोगाउन पैसाको बिटो बोकेर बस्नुपर्ने अवस्था बनेको छ । चुनावको मौन अवधिलाई किन 'मनी अवधि' भनिएको हो ? यो समयलाई पैसाको चलखेल र मत किनबेच हुने मुख्य समय मानिन्छ । विभिन्न सङ्घसंस्थाहरूले गरेका अध्ययन अनुसार प्रतिमतदाता चार हजारदेखि पाँच हजार रुपैयाँसम्म खर्च परेको देखिन्छ । यो चुनाव सम्पन्न गर्ने राज्यबाट हुने खर्चबाहेक उम्मेदवारले रक्सी, मासु, मत किनबेचका लागि गरिने खर्च मात्रै हो ।

यस्तो विकृत यथार्थबीच उठ्ने मूल प्रश्न र चिन्ता के हो भने के यसरी पैसाको खोलो बगाएर चुनाव जितेर गएका जनप्रतिनिधिले जनताको लागि काम गर्लान् ? के उसले आफूले गरेको खर्चको साँवा ब्याज असुल गर्दैन ? यदि गर्छ भने त्यो के भ्रष्टाचारबाहेक अरू कुनै उपायबाट सम्भव छ ? के पैसाको प्रभावमा मत बेचेको मतदाताले भोलिका दिन आफूले जिताएर पठाएको जनप्रतिनिधिलाई प्रश्न गर्ने नैतिक अधिकार राख्छ ? यस्तो परिदृश्यले देशमा सुशासन, विकास र समृद्धि सम्भव हुने देखिन्छ ? अवश्य सकिन्न ।

त्यसो भए के गर्ने त ? चुनावमा पैसाको चलखेल हटाएर यसलाई मर्यादित बनाउनुको विकल्प छैन । नेता, कार्यकर्ता र मतदाताको बानी बनिसकेको पैसाको चलखेल हटाउन त्यति सहज छैन । यसका लागि राजनीतिले नै अग्रसरता लिएर मूल कानून संविधान नै संशोधन गर्नु आवश्यक छ । यसका लागि खासगरी शीर्ष नेतृत्वले लोभ त्याग्नुपर्दछ । चुनावमा पैसाको चलखेल हटाउन सबैभन्दा पहिला चुनावसम्बन्धी वैधानिक व्यवस्थामा संशोधन आवश्यक छ ।

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको रूपमा प्रधानमन्त्री र मुख्यमन्त्रीको चुनाव गरिनुपर्दछ । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्थाले सत्ता बनाउन र बिगार्न संसद्को दुरुपयोग र यसमा पैसाको मोलमोलाइ बन्द हुन्छ । यसरी चुनिएका प्रमुखले आफूलाई चाहिने मन्त्रीहरू संसद्बाहिरबाट सरोकारका क्षेत्रका विज्ञहरूलाई नियुक्त गर्ने प्रावधान राखिनुपर्दछ । सांसदलाई विधायिकी काममा मात्रै सीमित गरी योजना बाँड्दै हिँड्ने काम बन्द गर्नुपर्दछ । संसद्बाट आलङ्कारिक राष्ट्रपति र प्रदेश प्रमुख चुनिने व्यवस्था मिलाउन सकिन्छ । राष्ट्रपति र संसद्को विधायिकी अधिकारमार्फत कार्यकारी प्रमुखको शक्ति सन्तुलनको व्यवस्था मिलाएर स्वेच्छाचारी हुनबाट रोक्ने प्रावधानको व्यवस्था मिलाउन नसकिने होइन ।

निर्वाचनको समानुपातिक प्रणालीलाई खारेज गरी आरक्षणलाई समेत प्रत्यक्ष प्रतिस्पर्धामा आधारित व्यवस्था मिलाउनुपर्दछ । आरक्षित सिटमा आरक्षणप्राप्त उम्मेदवारहरूबीच प्रतिस्पर्धाको चक्रीय व्यवस्था मिलाउने हो भने समानुपातिकको नाममा अहिले देखिएको पैसाको चलखेल र नातावादको विसङ्गति समाधान हुनेछ । कार्यकारी प्रमुख जनताबाट प्रत्यक्ष चुनिने हो भने जनताले चाहेको परिवर्तन सहज हुन सक्छ । नत्र अहिलेकै अवस्थामा कथित ठूला भनिएका दलहरूको सिन्डिकेटकै हालीमुहाली अनुमोदन हुने हो । कार्यकारी प्रमुख प्रत्यक्षरूपमा छानिने र सांसदलाई विधायिकी अधिकारमा मात्रै सीमित गर्ने हो भने पैसा खर्च गरेर चुनाव जित्ने र संसद्मा पुग्ने होड स्वतः हटेर जान्छ । यसका लागि नेतृत्वमा तत्परताको भने अभाव खट्किएको छ ।

# मानव अधिकार उपभोगमा चुनौती सिर्जना

काठमाडौं, २४ मङ्सिर/रासस

नेपालको संविधान र कानूनले सबै जाति, वर्ग, लिङ्गबीच समानता कायम गर्ने व्यवस्था गरे पनि व्यवहारमा पूर्णरूपमा कार्यान्वयन नभएको गुनासो गरिन्छ । हुने खाने र हुँदाखानेबीचको विभेद, हत्या, हिंसा, बलात्कारपछि हत्या, जातीय छुवाछूत, वादी, छाउपडीजस्ता कुप्रथा अहिले पनि न्यूनीकरण हुन नसकेको गुनासो घटेको छैन ।

सशस्त्र द्वन्द्वका पीडितले अहिलेसम्म न्याय पाएका छैनन् । विस्तृत शान्ति सम्झौता भएको १६ वर्ष पूरा भएपनि पीडित अहिले पनि न्यायको आशामा छन् । स्वास्थ्योपचार, शिक्षा र रोजगार भए मात्र पुग्ने पीडितको माग छ तर त्यसतर्फ सरोकारवालाको ध्यान जान सकेको छैन ।

सशस्त्र द्वन्द्वका पीडितले न्याय पाउन ढिलाइ भएका प्रति चिन्ता व्यक्त गर्दै मानव अधिकारकर्मी चरण प्रसाई "दश वर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौता भयो, तर शान्ति प्रक्रियाको एउटा न्याय पाउने काम अहिलेसम्म पूरा हुन सकेन," उनले भने, "पीडितलाई न्याय दिने कार्यमा सबैले ध्यान दिनुपर्छ, विगतका त्यस्ता कहालीलाग्दा घटना नदोहोरिने सुनिश्चितता गर्न अभियान कायम राख्नुपर्छ ।"

विस्तृत शान्ति सम्झौता अनुसार राजनीतिक दलहरूले गम्भीरतापूर्वक लिएर द्वन्द्वपीडितलाई न्याय दिनुपर्ने उनको माग छ । नेपालको संविधानमा ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । तीन वर्षभित्र कानून बनाएर कार्यान्वयनमा ल्याउने भनिएको थियो । तर त्यसको कार्यान्वयन अहिले पनि प्रभावकारीरूपमा आउन सकेको छैन ।

राष्ट्रिय मानव अधिकार आयोगले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनमा मानव अधिकारको उल्लङ्घन वा हनन भएको भनी जम्मा ७०१ उजुरी दर्ता भएको जनाएको छ । मानव अधिकारसँग सम्बन्धित विषयमा २२१ पटक अनुगमन भएको छ । आयोगले पुराना र नयाँ गरी ५०३ उजुरीमाथि अनुसन्धान सम्पन्न गरेको छ ।

आयोगको सिफारिसको १५ दशमलव तीन (३) प्रतिशत पूर्ण, ३९ दशमलव दुई प्रतिशत आङ्किक र ४५ दशमलव पाँच प्रतिशत सिफारिश कार्यान्वयन हुन बाँकी रहेको छ । आयोगबाट अनुसन्धान सम्पन्न भएका जम्मा ४१४ उजुरीमाथि निर्णय भएको छ । जसमा छवटा नीतिगत सिफारिश रहेका छन् ।





पुरातन र रुढिवादी मानसिकताले गर्दा नेपाली समाज ठूलो हिंसाले ग्रसित भएको प्रतिवेदनमा छ । "अधिकार, न्याय, स्वतन्त्रता र समानता लगायतका विषय उठान भएपनि व्यवहारतः समाज जातीय भेदभाव, बोक्सी, छाउपडी, बालविवाह र दाइजोजस्ता कुप्रथाबाट मुक्त हुन सकेको छैन," आयोगका अध्यक्ष तपबहादुर मगरले भने, "मानव अधिकार उपभोगमा चुनौती सिर्जना भएको छ, सबैले मिलेर मानव अधिकार संरक्षणमा लाग्न आग्रह गर्छु ।"

मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन बुझ्दै यही मङ्सिर २१ गते राष्ट्रपति विद्यादेवी भण्डारीले भनिन्, "मानव अधिकार र लोकतन्त्रको अवलम्बनमा नेपाल उच्च स्थानमा रहेको छ," उनले भनिन्, "मानव अधिकार, शिक्षा र संस्कृतिको विकासका लागि आयोगले शैक्षिक संस्थासँग सहकार्य गरेर अगाडि बढ्नुपर्छ ।"

**विस्तृत शान्ति सम्झौता**

नेपालमा भएको दश वर्षे सशस्त्र द्वन्द्वपछि भएको विस्तृत शान्ति सम्झौतामा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धका समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ । विस्तृत शान्ति सम्झौतामा आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८

## अन्तर्राष्ट्रिय समाचार

# बङ्गलादेशमा विपक्षी दलको कडा विरोध, विपक्षी सांसदद्वारा सामूहिक राजीनामाको घोषणा

ढाका, २४ मङ्सिर/एएफपी

नयाँ निर्वाचनको माग गर्दै प्रधानमन्त्री शेख हसिनाको सरकारविरुद्धको आन्दोलनमा बङ्गलादेशको प्रमुख प्रतिपक्षी दलका करीब एक लाख समर्थक शनिवार ढाकामा भेला भएका छन्।

विपक्षी बङ्गलादेश नेशनलिस्ट पार्टी (बिएनपी)का सबै सातजना सांसदले उक्त कार्यक्रममा संसद्बाट राजीनामा दिने घोषणा गरेका छन्। यससँगै देशको विधायिकालाई मुख्यतया रबर स्ट्याम्पको रूपमा छोड्नेछ। यद्यपि हसिनाको पार्टीसँग दुई तिहाइभन्दा बढी बहुमत थियो।

पश्चिमा सरकार र संयुक्त राष्ट्रसङ्घले बङ्गलादेशको राजनीतिक वातावरणप्रति चिन्ता व्यक्त गरेका छन्।

यो एशियाको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको अर्थतन्त्रमध्ये एक हो तर युक्रेन युद्धले सरकारलाई ग्याँस र डिजेलको आयात स्थगित गर्न बाध्य बनाएको छ। बिजुली कटौती र इन्धनको मूल्यवृद्धिले हालैका महीनाहरूमा प्रदर्शनहरू सुरू भएका छन्।

बङ्गलादेशी टाका २५ प्रतिशतसम्म अवमूल्यन भएको छ, जसले खाद्यान्न आयातको लागत बढाएको छ र गरीब र निम्न मध्यम वर्गका मानिसहरूलाई असर पारेको छ।

'अटोरिक्सा' चालक रसेल मियाँले खाद्यान्न र अन्य वस्तुको बढ्दो मूल्यवृद्धिप्रति आक्रोश व्यक्त गर्न र्‍यालीमा सामेल भएको बताए। उनले मूल्यवृद्धिका कारण आफ्नो परिवारलाई नियमित छाक टार्न सङ्घर्ष गर्नुपरेको बताए।

"म उत्पीडनको शिकार भएको छु," उहाले भने।

उनले भने, "म आज यहाँ मेरो वर्तमान अवस्थाका लागि जिम्मेवार व्यक्तिहरूको विरोध गर्न आएको हुँ।"

बङ्गलादेशका आधा दर्जनभन्दा बढी टेलिभिजन समाचार च्यानलले उक्त विरोध प्रदर्शनलाई स्थान दिएनन्। यसो हुनुमा अधिकारीहरूले उनीहरूलाई त्यसो नगर्न दबाव दिएको आशङ्का आन्दोलनकारीले गरेका छन्।

बिएनपीका एक अधिकारीका अनुसार मध्याह्नसम्ममा लाखौं मानिस र्‍यालीमा सहभागी भएका थिए।

प्रवक्ता जहिरुदिन स्वपनले एएफपीसँग भने, "हाम्रो मुख्य माग शेख हसिनाको राजीनामा र संसद् विघटन र तटस्थ कामचलाउ सरकार गठन गरी स्वतन्त्र र निष्पक्ष निर्वाचनको कदम चाल्नुहो।"



र्‍यालीमा सहभागी स्थानीय नागरिक। तस्वीरः एएफपी

नाम नबताउने शर्तमा एक वरिष्ठ सुरक्षा अधिकारीले ८० हजार मानिस आन्दोलनमा सरीक भएको आफ्नुले अनुमान गरेका बताए।

ढाका महानगरका प्रहरी प्रवक्ता फारुख अहमदका अनुसार अहिलेसम्म कुनै हिंसात्मक गतिविधि भएको छैन तर सुरक्षाकर्मीलाई सम्भावित हिंसा रोक्न तयारी अवस्थामा राखिएको छ।

बिएनपीको मुख्यालयमा मङ्गलवार सुरक्षा फौजले आक्रमण गर्दा कम्तीमा एकजनाको मृत्यु हुनुका साथै कैयौं घाइते भएपछि राजधानीमा तनाव बढेको थियो।

हिंसा भड्काएको आरोपमा पार्टीका दुई शीर्ष नेतालाई शुक्रवार पक्राउ गरिएको थियो भने र्‍यालीलाई अगाडि बढ्न नदिन नोभेम्बर ३० यता करीब दुई हजार कार्यकर्ता र समर्थकलाई हिरासतमा लिइएको पार्टीले जनाएको छ।

विपक्षीहरूले देशभर विरोध प्रदर्शन गरिरहेका छन् र हसिनाले आफ्नो राजीनामा र कामचलाउ सरकारको नेतृत्वमा निर्वाचनको मागलाई ठाडै अस्वीकार गरेकी छन्।

दुई करोड जनसङ्ख्या रहेको ढाकामा शनिवार प्रहरीले चेकपोइन्ट खडा गरेको थियो भने सुरक्षा व्यवस्था कडा पारिएको थियो। अर्का एक प्रहरी अधिकारीका अनुसार प्रदर्शनस्थलबाहिर सुरक्षाका लागि तीन हजारसम्म प्रहरी परिचालन गरिएको छ।

ढाकाको सामान्य भीडभाड हुने सडकहरूमा केही साइकल, रिक्शा र कारहरू मात्र चलेका थिए, बिएनपीका अधिकारीहरूले सरकारले मानिसहरूलाई प्रदर्शनमा सामेल हुनबाट रोक्नका लागि यातायात सेवामा अनौपचारिक रोकावट शुरु गरेको आरोप लगाएका छन्।

देशको प्रमुख बङ्गाली दैनिक पत्रिका प्रोथोम आलोका अनुसार सत्तारुढ दलका विद्यार्थी कार्यकर्ताले बिएनपीका कम्तीमा १० जना समर्थकलाई कुटपिट गरेका छन्।

प्रदर्शनमा भाग लिन दक्षिणी टापु भोलाबाट आएका व्यापारी मोहम्मद आलमगीरले भने, "म कुनै पनि राजनीतिक दललाई समर्थन गर्दिनँ। हामी वर्तमान अवस्थाबाट मुक्ति चाहन्छौं।" रासस

# अमलेखगंजमा पेट्रोल टङ्की निर्माण हुने

अमलेखगंज (बारा), २४ मङ्सिर/रासस

नेपाल आयल निगमले बाराको अमलेखगंजमा पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह (टङ्की) निर्माण गर्ने तयारी थालेको छ।

विसं २०७६ भदौ २४ गते भारतको मोतिहारीदेखि नेपालको बारा जिल्लाको अमलेखगंजसम्म ६९ किलोमिटर, "मल्टी पाइप लाइन" विस्तार गरेर डिजेल ल्याउन शुरू गरेको निगमले पेट्रोल भण्डारणका लागि छुट्टै भण्डारण गृह निर्माण गर्ने तयारी थालेको हो।

पाइपलाइन विस्तार भएको ६९ किलोमिटर क्षेत्रमध्ये भारतमा ३३ र नेपालमा ३६ किलोमिटर भूभाग पर्दछ। उक्त पाइपलाइन विस्तारका लागि भारतीय आयल निगमले रु दुई अर्ब भारतीय रुपैयाँ खर्च गरेको थियो।

एउटै पाइपलाइनबाट पेट्रोल, डिजेल र मट्टीतेल ल्याउन मिल्ने भएपनि भण्डारणका लागि छुट्टै भण्डारण गृह नहुँदा पेट्रोल र मटीतेल पाइपलाइनबाट ल्याउन समस्या भएको थियो। अमलेखगंजमा पेट्रोल र मटीतेलको लागि भण्डारण गृह नहुँदा पाइपलाइनको उपयोग ५० प्रतिशतभन्दा कम भएको छ।

अमलेखगंजमा हाल डिजेल भण्डारणका लागि दुई लाख ४५ हजार लिटरका टङ्की, एकक ४१ लाख तथा अर्को ३९ लाख लिटरको टयाङ्की रहेको छ। उक्त क्षेत्रबाट हाल एकैपटक २१ गाडीले डिजेल भर्न पाउँछन्। पाइपलाइनमार्फत भारतको मोतिहारीदेखि अमलेखगंजसम्म डिजेल ल्याउँदा निगमको वार्षिक रु दुई अर्ब रकम बचत हुँदै आएको छ।

नेपाल आयल निगम अमलेखगंजका प्रमुख इन्जिनीयर प्रदीपकुमार यादव पेट्रोल र मटीतेल ल्याउनका लागि आयल निगमले छुट्टै भण्डारण गृह बनाउन शुरु गर्न लागेको बताउँछन्। "पेट्रोल भण्डारण गृह निर्माण गर्नका लागि हामीले भारतीय निर्माण व्यवसायी कम्पनी र भारतीय आयल निगमका प्रतिनिधिसँग निरन्तर छलफल गरिरहेका छौं," उनी भन्छन्।

निगमले पेट्रोलको भण्डारण गृह




तस्वीरः फाइल

निर्माणका लागि मङ्सिर २३ (हिजो) मात्र भारतीय निर्माण कम्पनी र भारतीय आयल निगम पटनाका प्रमुखसँग भेटेर छलफल गरेको छ।

पाइपलाइन बनाएर पूर्णरूपमा प्रयोग गर्नका लागि पेट्रोल भण्डारण गृह बनाउन लागिएको इन्जिनीयर यादवको भनाइ छ। उनले सन् २०२४ को जनवरीसम्म पेट्रोल भण्डारण गृह सम्पन्न गर्ने गरी काम अगाडि बढाउन लागिएको बताए।

डिजेलका लागि भारत सरकारको अनुदानमा भण्डारण गृह निर्माण गरिदिए पनि पेट्रोल भण्डारणका लागि भने नेपाल आफैंले भण्डारण गृह बनाउन लागेको हो। त्यसका लागि एक अर्ब ५४ करोड भारतीय रुपैयाँ लाग्ने निगमले जनाएको छ। यस्तै, भारतले पनि अनुदानस्वरूप ८० करोड भारतीय रुपैयाँमा छुट्टै पेट्रोल टङ्की निर्माण गरिदिने भएको छ।

अमलेखगंजमा पेट्रोल भण्डारण गृह निर्माण भएसँगै नेपाल आयल निगमको मासिक १२ देखि १५ करोड तथा वार्षिक रु एक अर्ब ५० करोड रकम बचत हुनेछ।

हाल अमलेखगंज डिपोबाट डिजेल तथा पेट्रोल सङ्घीय राजधानी काठमाडौँसहित पोखरा, भैरहवा, चितवन, विराटनगरलगायतका क्षेत्रमा जाने गरेको छ।

निगमका अमलेखगंज प्रमुख यादव भारतको मोतीहारीदेखि नेपालको सर्लाहीसम्म ग्याँसपाइपसमेत विस्तार गर्नेबारे परामर्श भइरहेको बताउँछन्। रु १२ अर्बको लागतमा ग्याँस पाइप तथा स्टोरेजको काम हुने उनको भनाइ छ। नेपालबाट हाल ग्याँस ढुवानी गर्दा वार्षिक रु छ अर्ब खर्च हुँदै आएको छ।

निगम अमलेखगंजका मेकानिकल इन्जिनीयर प्रशान्त भट्टराई निगमको अमलेखगंज डिपोबाट देशको ७० प्रतिशत भूभागमा पेट्रोल, डिजेल तथा मटी तेल जाने गरेको बताउँछन्। "अमलेखगंज डिपोबाट दैनिक ६० लाख लिटर डिजेल तथा २० लाख लिटर पेट्रोल वितरण हुँदै आएको छ," उनी भन्छन्, "यो परियोजना सञ्चालनमा आएपछि नेपाल-भारतको रक्सौल नाकामा देखिने जामको समस्या हट्नुका साथै पेट्रोलियम पदार्थमा हुने चोरी तथा अनियमितता हटेर जाने विश्वास निगमले लिएको छ।"

### मानव अधिकार उपभोग ...

सबैलाई मुक्त गर्न दुवै पक्ष मन्जुर गर्छन्," भनिएको छ।

शान्ति सम्झौता अनुरूप नै दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्न मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारेका व्यक्तिको छानबीन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग २०७१ माघ २७ गते गठन गऱ्यो। सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने तर पीडितले अझै न्याय अनुभूति गर्न पाएका छैनन्।

आयोगले उजुरी सङ्कलन गर्ने काम गऱ्यो। अहिले आयोग पदाधिकारीविहीन अवस्थामा छ। सत्य निरूपण तथा मेलमिलाप आयोगमा ६३ हजार ७१८ उजुरी दर्ता भएका छन्। बेपत्ता पारिएका व्यक्तिको छानबीन आयोगमा तीन हजार २४३ उजुरी परेका छन्। द्वन्द्वपीडित अहिले पनि न्यायको आशामा बसिरहेका छन्। कहिले न्याय पाउने भन्ने अझै निश्चित हुन सकेको छैन।

"विस्तृत शान्ति सम्झौतामार्फत शुरू भएको शान्ति प्रक्रियाले १६ वर्ष पार गरिसकेको छ," आयोगका अध्यक्ष मगरले भने, "यतिका वर्षसम्म पनि द्वन्द्वपीडितले अझै न्याय पाउन नसक्नु दुःखद पक्ष हो।"

सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिक, लैङ्गिक अल्पसङ्ख्यकलगायत विषयमा राज्यले विशेष ध्यान दिन नसकेको आयोगका अध्यक्ष मगरको ठहर छ।

मानव अधिकार दिवस प्रत्येक वर्ष डिसेम्बर १० का दिन मनाइन्छ। अर्थात् मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिन सन् १९४८ डिसेम्बर १० लाई आधार मानेर मनाउने गरिएको हो। सोही दिन विश्वव्यापी मानव अधिकारको घोषणा भएको संस्मरण गर्दै प्रत्येक वर्ष यो दिवस मनाइने गरिन्छ।

# भारतको तामिलनाडुमा 'मान्डुस' नामक चक्रवातले रूख ढाल्दा कम्तीमा चारजनाको मृत्यु

नयाँ दिल्ली, २४ मङ्सिर/सिन्हवा

भारतको दक्षिणी राज्य तामिलनाडुमा शनिवार आएको 'मान्डुस' नामक चक्रवातका कारण रूख ढल्दा कम्तीमा चार व्यक्तिको मृत्यु भएको छ।

चक्रवातसँगै भारी वर्षा भएको उक्त घटनामा कम्तीमा चारजनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।

भारतीय प्रहरीका अनुसार घटनामा चारजनाले ज्यान गुमाएका छन्। आँधीका कारण १८१ वटा झुपडीमा क्षति पुगेको छ।

चक्रवातका कारण चेन्नईमा ४०० भन्दा बढी रूख उखेलिएको तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले बताए।

स्टालिनले प्रभावित क्षेत्रको भ्रमण गरेका छन्। उनले बढी प्रभावित चेन्नईको कासिमेडु क्षेत्रमा राहत सामग्री र खाना वितरण गरेका छन्।

चक्रवात शुक्रवार अबेर राति तमिलनाडुको तट पार गर्दै प्रतिघण्टा ७५ किलोमिटरको गतिमा आएको थियो।



तस्वीरः सिन्हवा

चक्रवात अहिले कमजोर भएर निकै कमजोर भइसकेको छ।

भारतीय मौसम विज्ञान विभागले यो लगभग उत्तरपश्चिमतर्फ सर्ने र शनिवार मध्याह्नसम्ममा बिस्तारै कमजोर हुँदै न्यून चापीय रेखामा परिणत हुने बताएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – कान्तिक्षय |
| मिथुन – अन्नलाभ | कर्कट – अलमल |
| सिंह – आरोग्यता | कन्या – पदोन्नति |
| तुला – राज्यभय | वृश्चिक – कष्टानुभूति |
| धनु – नारीसुख | मकर – शत्रुभय |
| कुम्भ – कार्यनाश | मीन – वाहनकष्ट |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याहन १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे

## लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

सभ्य समाजको पहिचानः लैङ्गिक हिंसाविरुद्धको अभियान

बालविवाह, दाइजोप्रथा, बोक्सीप्रथा जस्ता लैङ्गिक हिंसाका घटना कानूनतः दण्डनीय कार्य हो। यस्ता घटनामा संलग्न व्यक्तिहरूलाई कसूर अनुसार कैद तथा दण्ड जरिवानाको कानूनी व्यवस्था रहेको छ। यस्ता घटना भएको जानकारी पाउनासाथ जो कोहीले नजीकैको प्रहरी कार्यालय वा आपत्कालीन सहयोगको लागि पैसा नलाग्ने नेपाल प्रहरीको १००, राष्ट्रिय महिला आयोगको ११४५, बाल हेल्पलाइन १०९८ र बालबालिका खोजतलाश केन्द्रको १०४ नम्बरमा फोन गरी जानकारी दिन सकिनेछ।

वीरगंज महानगरपालिका कार्यालय

## प्रेस्टिज टेक्सटायल इन्डस्ट्रिज प्रालिको प्रस्तावित प्रेस्टिज टेक्सटायल इन्डस्ट्रिज उद्योग निर्माण तथा सञ्चालनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीसम्बन्धी सार्वजनिक सूचना

प्रथमपटक प्रकाशित मिति : २०७९/०८/२५

मधेस प्रदेश, पर्सा जिल्ला वीरगंज महानगरपालिका वडा नं ३० मा प्रेस्टिज टेक्सटायल इन्डस्ट्रिज प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | प्रेस्टिज टेक्सटायल इन्डस्ट्रिज प्रालि., मधेस प्रदेश, पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं ३० |
| प्रस्तावको बेहोरा | प्रेस्टिज टेक्सटायल उद्योग निर्माण तथा सञ्चालन |
| प्रभाव पर्न सक्ने जिल्ला, नपा | पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं ३० |
| कुल जग्गाको क्षेत्रफल | दुई बिघा १४ कट्ठा १८ धुर |
| कित्ता नं | १०८, ४५०, ४५१, ४५२, ६६६, ६९०, ६९२, ६९४, ६९६ |
| उत्पादन हुने वस्तु र उत्पादन क्षमता (वार्षिक) | Woven Fabric - २३,५०,००० मिटर<br>Knitted Fabric - १३५ मेट्रिकटन |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा यो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबीच के कस्ता प्रभाव पर्दछ भनी यकीन गर्न यो स्थानको नपा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**रायसुझावका लागि पत्राचार गर्ने ठेगाना :**

१) पर्सा जिल्ला, वीरगंज महानगरपालिका वडा नं ३०, *Email:* info@birgunjmun.gov.np, फोन नं : ०५१-५२२८०२
२) ग्रीन हेराल्ड इन्भायरोमेन्ट एन्ड इन्जिनीयरिङ कन्सल्ट प्रा.लि. काठमाडौं, बानेश्वर-१०, फोन नं ९८४६४०४११८

# तीन सयजनाद्वारा रक्तदान


तस्वीरः प्रतीक

प्रस, वीरगंज, २४ मङ्सिर/

रेडियो वीरगंजको २१औं वार्षिकोत्सवको अवसरमा शनिवार रक्तदान कार्यक्रम भएको छ।

रेडियो प्राङ्गणमैं भएको कार्यक्रममा २४ जना महिलासहित तीन सयजनाले रक्तदान गरेका थिए।

रक्तदान गर्नेहरूमा डा उदयनारायण सिंह, डा अबुलहैश अन्सारी, श्याम बन्जारा, राजाप्रसाद कुर्मी, माधुरी महतो, तबरेज अहमद, हरेन्द्र यादव, मनोहर सिंह, चिरञ्जीवी चौधरी, उमेश पण्डित, राहुल साह, वीरेन्द्रप्रसाद साह, फिरोज अलि मुस्तफा, मालती कुशवाहा, पुष्पा कुमारी, निर्जला यादवलगायत रहेका रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए।

# गौतम माविमा विज्ञान प्रदर्शनी




प्रस, वीरगंज, २४ मङ्सिर/

गौतम माविले शनिवार विज्ञान प्रदर्शनी सम्पन्न गरेको छ।

बढ्दै गएको विज्ञानको महत्त्व तथा विद्यार्थीलाई सचेत बनाउन विद्यार्थीहरूको कला, प्रतिभा र क्षमतालाई उजागर गर्नका निमित्त विज्ञान प्रदर्शनी आयोजना गरिएको सो विद्यालयले जनाएको छ।

प्रदर्शनीमा रोबट, सेन्सर लाइट, सेन्सर हर्न, रसायन विज्ञान, जीव विज्ञान, ज्योतिषशास्त्रलगायत ७० वटाभन्दा बढी सामग्रीहरू प्रदर्शनीमा राखिएका थिए।

विज्ञान प्रदर्शनीमा नगरप्रमुख राजेशमान सिंहले विद्यालयको वर्गीकरणले शिक्षा क्षेत्रमा ठूलो परिवर्तन ल्याउने बताए। निजी विद्यालयहरूको मनोमानी तरीकाले शुल्क उठाउने प्रवृत्ति बढेको र अबदेखि महानगरले तोकेको दायराभित्र रहेर मात्रै शुल्क लिन पाउने उनले बताए।

विज्ञान प्रदर्शनीले विद्यार्थीहरूमा रहेको प्रतिभा उजागर गरेको नगरप्रमुख सिंहले बताए।

गौतम माविका सञ्चालक सोनम लामाको अध्यक्षतामा भएको कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, वीरगंज महानगरपालिका वडा नं १३ का अध्यक्ष हीरा गिरी, समाजसेवी पशुपति विक्रम शाह, उषा शाह, मधु राणालगायतको सहभागिता थियो।

# ५९ वर्ष पुरानो सहकारीमा शून्य मौज्दात

प्रस, पर्सागढी, २४ मङ्सिर/

पर्सामा धेरै सहकारी संस्था छन्। तर एउटा सहकारी संस्था डुब्ने अवस्थामा पुगेको छ। वीरगंज–३१ बेलवाको सोलखपुरमा रहेको सहकारी संस्थाको हबिगत आज सार्वजनिक भएको छ।

२०२० सालमा गठन भई स्थापना भएको सो सहकारी संस्थाको आज सोलखपुरमा आयोजना भएको प्रथम साधारणसभामा शेयरधनी सदस्यहरूले संस्था गैरकानूनीरूपमा केही व्यक्तिहरूको स्वार्थमा सञ्चालन भइरहेको आरोप लगाए। ५० वर्षदेखि मलखाद बेचिरहेको तर नाफा चाहिं शून्य कसरी पुग्यो भनेर सबैले आश्चर्य व्यक्त गरेका छन्।

मोहन दास थारू संस्थाका अध्यक्ष र व्यवस्थापक हेमनारायण सिंह थारूका कारण संस्था डुबेको भन्दै सबैले आरोप लगाइरहँदा बीचबीचमा अधिकांश शेयरधनीले संस्थाले गैरकानूनीरूपमा २०७१ सालमा गुपचुप साधारणसभा गरी संस्थाको साढे तीन कट्ठा जग्गा पनि बिक्री गरिसकेको आवाज उठाए। संस्थाले कृषि विकास बैंक, वीरगंजबाट नौ लाख ऋण काढ्दा २०७१ सालमा ब्याजसहित ९३ लाख ऋण भइसकेपछि टेढाकी मन मिश्रले दान गरेकी साढे तीन कट्ठा जग्गा लिलाम भइसकेको छ। अहिले संस्थामा पूँजी छैन।

संस्थाको पछिल्लो आर्थिक प्रतिवेदन अनुसार १३ हजार घाटा भएको र सो रकम असुल गर्नुपर्ने देखाएको छ। संस्था सहकारीको विधान अनुसार नचलेको पनि गुनासो छ। वीरगंज–३१ का अध्यक्ष जीतेन्द्र यादवले संस्थाको हबिगत हेरेर दुःख लागेको बताए। उनले अब नयाँ निर्वाचित हुने समितिको अनुगमन गरिने र पारदर्शी किसिमले चल्ने वातावरण बनाउन आफूहरू लागिरहेको बताए। उनले अनियमितता गर्ने पात्रहरूलाई कारबाहीको दायरमा ल्याउन पनि तयारी भइरहेको बताए। उनले संस्था पुरानो भए तापनि संस्थाका पदाधिकारीहरूका कारण संस्था डुबेको बताए। उनले पछिल्लोपटक धानबाली लगाउने बेलामा आफूले १९ लाख सहयोग गरी मल खरीद गरी बिक्री गर्दा एक लाख १९ हजार फाइदा भएको तर विगतको आर्थिक कारोबार शङ्कास्पद भएको बताए।




# खेलकूदको संसार

## पोर्चुगललाई पराजित गर्दै मोरक्को सेमिफाइनलमा

काठमाडौं, २४ मङ्सिर/

फिफा विश्वकप फूटबल २०२२ मा पोर्चुगललाई पराजित गर्दै मोरक्को सेमिफाइनलमा प्रवेश गरेको छ।



कतारको दोहास्थित अल थुमा रङ्गशालामा आज भएको क्वार्टरफाइनल खेलमा पोर्चुगललाई १–० गोलअन्तरले पराजित गर्दै अफ्रिकी राष्ट्र मोरक्को सेमिफाइनलमा पुगेको हो। मोरक्को सेमिफाइनलमा पुग्ने तेस्रो टोली बनेको छ। यसअघि क्रोएसिया र अर्जेन्टिना सेमिफाइनलमा पुगिसकेका छन्।

मोरक्कोका लागि खेलको ४२औं मिनेटमा युसुफ एन नेसरीले गरेको गोल निर्णायक बन्यो। मोरक्को दोस्रो हाफको अतिरिक्त समयमा १० खेलाडीमा सीमित बनेको थियो। अतिरिक्त समयको तेस्रो मिनेटमा मोरक्कोका वालिद चेदिरा दोस्रो पहेंलो कार्डपछिको रातो कार्ड पाएर मैदानबाट बाहिरिएका थिए।

मोरक्कोले सेमिफाइनलमा आजै राति १२:४५ बजे हुने फ्रान्स र इङ्ग्ल्यान्डबीचको विजेतासँग खेल्नेछ।

## विश्वकप फूटबल : अर्जेन्टिना सेमिफाइनलमा


तस्वीरः एएफपी

काठमाडौं, २४ मङ्सिर/रासस

अर्जेन्टिना फिफा विश्वकप फूटबल २०२२ को सेमिफाइनलमा पुगेको छ।

कतारमा आज भएको क्वार्टरफाइनलमा नेदरल्यान्ड्सलाई पराजित गर्दै अन्तिम चारमा आफ्नो स्थान सुरक्षित गरेको हो।

खेलको ३५औं मिनेटमा अर्जेन्टिनाका लागि नहुएल मोनिलाले गोल गर्दै अग्रता दिलाएका थिए भने ७३औं मिनेटमा लियोनल मेस्सीले गोल गर्दै अग्रता दोब्बर बनाए। तर नेदरल्यान्ड्सका लागि वोउट वेग्होरस्टले खेलको ८३औं र इन्जुरी समयमा गोल गर्दै खेल बराबरीमा ल्याएपछि खेल अतिरिक्त समयमा पुगेको थियो। त्यसपछि दुवै टोलीबाट गोल नभएपछि खेल टाइब्रेकरमा पुगेको थियो।

टाइब्रेकरमा अर्जेन्टिनाले खेल ४–३ गोलअन्तरले विजयी भयो।

## आइटिएफ टेनिस : ताइपेईका हाङ र रसियाकी लैला च्याम्पियन

काठमाडौं, २४ मङ्सिर/रासस

पोखरामा आयोजना गरिएको अन्तर्राष्ट्रिय टेनिस महासङ्घ (आइटिएफ) जुनियर–५ टेनिस प्रतियोगिता सर्किट–२ को उपाधि पुरुषतर्फ चाइनिज ताइपेईका के हाउ हाङ र महिलातर्फ रसियाकी लैला आक्मेतोवाले जितेका छन्।

नेपाल टेनिस सङ्घको सहयोग र कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा यही मङ्सिर १९ देखि पोखरा रङ्गशालाको टेनिस कोर्टमा सञ्चालन भएको प्रतियोगिताको आज सम्पन्न फाइनल खेलमा पुरुष एकलतर्फ हाङले अमेरिकाका हानु पटेललाई 'रिटायर्ड हर्ट'मा पराजित गर्दै च्याम्पियन बने।

दोस्रो सेटको खेलमा १–० ले पछि परेका अमेरिकाका हानुले स्वास्थ्यमा आएको खराबीका कारण खेल बीचमैं छाडेका थिए। पहिलो सेटको खेल ताइपेईका हाङले ६–४ को सेटमा आफ्नो पक्षमा पार्न सफल भएका थिए।

यसैगरी, महिलातर्फको फाइनलमा रसियाली खेलाडी आक्मेतोवाले भारतकी दुर्गान्सी कुमारमाथि ६–१, ६–१ सेटको जीत हासिल गर्दै उपाधि आफ्नो पक्षमा पारेकी हुन्। प्रतियोगितामा विजयी खेलाडीले आइटिएफको महत्त्वपूर्ण ३० अङ्क पाएका छन्।

यसैगरी, द्वितीय स्थान हासिल गरेका पुरुष तथा महिला खेलाडीले १८ अङ्क जोडेका छन्। खेलाडीले प्राप्त गरेका अङ्कका आधारमा उनीहरूको वरीयता निर्धारण हुने आयोजकले जनाएको छ। प्रतियोगिताका विजयी खेलाडीलाई नेपाल टेनिस सङ्घका केन्द्रीय उपाध्यक्ष विनोद कायस्थले मेडल, प्रमाणपत्र प्रदान गरे।

कास्की जिल्ला टेनिस सङ्घका अध्यक्ष लोक गुरुङले अन्तर्राष्ट्रियस्तरको टेनिस प्रतियोगिताले पोखराको प्रवर्द्धनमा सघाउ पुगेको बताउँदै पोखरामा आगामी दिनमा माछापुच्छ्रे राष्ट्रिय ओपन तथा भेट्रान्स प्रतियोगिता आयोजना गरिने जानकारी दिए।

यही मङ्सिर १९ गतेदेखि शुरू भएको प्रतियोगितामा विभिन्न दश देशका ९९ खेलाडीले अङ्कका लागि प्रतिस्पर्धा गरेका थिए।

## जाडोको समयमा चीसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

करोडौंको जमीन ...

साबिक फिल्डबूकमा समेत पर्ती गौचरन जनाइएको र सार्वजनिकरूपमा प्रयोग हुँदै आएको थियो। सो अवैध कार्य बदर गरी पुनः सार्वजनिक कायम गराउन निजगढका नागरिकले निजगढ सार्वजनिक सरोकार समिति गठन गरेर माग राख्दै आएको थियो।

सो जमीनलाई २०३७ सालमा हेटौंडा चीसापानी सट्टाभर्नाको क्रममा हेटौंडाका शेरबहादुर श्रेष्ठ, भवानीदेवी लम्साल, इन्द्रबहादुर बनेपालीले जग्गाधनी प्रमाण पुर्जा लिएको प्राप्त प्रमाणबाट देखिन्छ। उक्त सार्वजनिक जमीन मिलेमतोमा व्यक्तिले जग्गाधनी पुर्जा झिकेको निजगढका विभिन्न राजनीतिक दलहरूका अगुवा, समाजसेवी, बुद्धिजीवीले थाहा पाएपछि २०४३ सालदेखि नै उक्त गैरकानूनी कार्यको सशक्त विरोध हुँदै आएको र २०४८ सालमा जबरजस्ती घेराबार लगाउँदा गाउँले मिलेर हटाएको हरि खरेल र रुद्रलाल श्रेष्ठले बताए।

सार्वजनिक सन्धिसर्पन जमीन सार्वजनिक नै हुनुपर्छ भन्दै त्यस बेलाका समाजसेवी वीरबहादुर घिमिरे, नन्दीकेशर न्यौपाने, तुलसी न्यौपाने, भोजराज अधिकारी, ललितबहादुर बुढाथोकी, हरि खरेल, कृष्णबहादुर श्रेष्ठ, रुद्रलाल श्रेष्ठलगायत अग्रसर भएका थिए। ज्यानकै बाजी लगाएर यस सार्वजनिक जमीनको पक्षमा लड्दै आएका थियौं। अहिले ४० वर्षपछि सार्वजनिक कायम भएको सुन्दा निकै खुशी लागेको त्यस बेलाका अगुवा समाजसेवीहरूले भने।

"निरन्तर सामाजिक अगुवा भएर हिंड्न सकिएन। देख्दादेख्दैको सार्वजनिक जमीन माफियाहरूले हात पार्न अनेकौं हतकण्डा चुपचाप हेरेर बस्न सकिएन। अन्ततः परिणाम पछिल्लो समयमा एकबहादुर श्रेष्ठ, पद्मबहादुर भण्डारी, कृष्णप्रसाद खरेल, दिलबहादुर लामा, शिवप्रसाद तिमल्सिना, रविराज दङ्गाललगायतको निरन्तर सङ्घर्षबाट निजगढवासीको जीत भएको हो। यस्ता विकृतिविरुद्ध सङ्घर्षलाई पछिल्ला पुस्ताहरूले पनि निरन्तरता दिनुपर्छ," खरेलले भने।